# समुदायका सरोकार र विकास कार्यक्रमका प्राथमिकताहरू: स्थानीय दृष्टिकोण र नीतिगत सन्देश

## मुख्य सन्देशहरु

- बदलिँदो सामाजिक, आर्थिक तथा वातावरणीय सन्दर्भमा स्थानीय समुदायका आवश्यकता र चासो उनीहरूको सामाजिक एवं आर्थिक हैसियत, स्रोतमाथिको पहुँच र बजारसँगको सम्बन्धका आधारमा फरक परेको पाइन्छ ।
- प्राय: विकासका प्राथमिकताहरू स्थानीय समुदायका सरोकारहरूसँग मेल नखाएको र गरिब तथा सीमान्तकृत समुदायका मानिसहरूले यसको लाभ लिन सकेका छैनन् ।
- धेरैजसो विकास कार्यक्रमका प्राथमिकताहरू पूर्वाधार निर्माण, कृषिको आधुनिकीकरण तथा जलवायु परिवर्तनमा केन्द्रित रहेको देखियो भने स्थानीय समुदाय, विशेष गरी गरिब तथा सीमान्तकृत समुदायले जीविकोपार्जन र सामाजिक भेदभाव जस्ता सवालमा सरोकार राखेको पाइयो ।
- स्थानीय समुदायका विविध सरोकारलाई सम्बोधन गर्न फरकफरक तर निर्दिष्ट रणनीतिहरूको अवलम्बन गर्न जरुरी छ । स्थानीय स्तरबाटै प्राथमिकताहरूको निर्धारण गरी तिनको सहभागितामूलक कार्यान्वयन गर्न सके मात्र विकास कार्यक्रमहरू बढी प्रभावकारी हुन्छन् ।

## परिचय

नेपालमा योजनाबद्ध विकासको थालनी भएको छ दशक बितिसक्यो । विकासको सूचक हेर्दा यस अवधिमा नेपालले केही मात्रामा प्रगति गरेको पनि देखिन्छ । उदाहरणका लागि सन् १९९० मा ०.३७८ रहेको मानव विकास सूचकाङ्क (HDI) सन् २०१८ मा ०.५७९[१] पुगेको छ तर विकासको प्रतिफल भौगोलिक अवस्था, सहर तथा ग्रामीण क्षेत्र र विभिन्न सामाजिक वर्गका बीचमा समान रूपमा पुग्न सकेको छैन । हालसम्मको विकासको ढाँचाले गरिब तथा सीमान्तकृत (दलित, महिला र दुर्गम क्षेत्रका जनता) समुदायका मानिसहरूलाई बहिष्कृत गरेको छ । फलत: त्यस्ता समूहहरूको जीविकोपार्जन र खाद्यसुरक्षा झनै सङ्कटग्रस्त बनेको छ । यसका कारण नेपाल गरिब, खाद्य असुरक्षा भएको, सामाजिक विभेदले जकडिएको र कम विकसित मुलुकका रूपमा चिनिएको छ । केन्द्रीकृत विकासको ढाँचा यसको मूल कारक भएको महसुस गरी वितेका केही दशकदेखि विकेन्द्रित र सहभागितामूलक विकासको अवधारणा बलियो हुँदै आएको छ । हाल संघीय शासन प्रणाली लागु भई त्यसै अनुरूप विकासको योजना र कार्यान्वयन अगाडि बढाइए पनि विकासबारेको बुझाइ र यसको मूल ढाँचामा खासै सकारात्मक परिवर्तन आएको देखिँदैन । त्यसैले, गरिब तथा सीमान्तकृत समुदायका मानिसहरूका लागि विकासका कार्यक्रमहरू सान्दर्भिक हुन सकेका छैनन् ।

ग्रामीण विकासका सिद्धान्त तथा व्यवहारहरूमा सहभागितात्मक विकासको पद्धतिलाई अङ्गीकार गरिए तापनि यस्ता पद्धतिले सामाजिक संरचना तथा गरिबीमा आमूल सकारात्मक परिवर्तन ल्याउन सकेका छैनन् । बरु संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यु.एन.डि.पी) को प्रतिवेदनले भने जस्तै विकासमा व्यापक लगानीका बाबजुद विश्वव्यापी रूपमै झन् असमानता बढेको देखिएको छ[२] । नेपालमा हुने गरेका विकासका कार्यहरू पनि स्थानीय समुदायको आवश्यकता र चासोलाई सम्बोधन गर्न त्यति प्रभावकारी भएका छैनन्[३] । यिनै विषयलाई केन्द्रमा राखि बेलायतका ३ वटा विश्वविद्यालय (London School of Economics, University of Oxford and University of East Anglia) ले संयुक्त रूपमा नेपालका दुई जिल्लामा भर्खरै अनुसन्धान गरेका छन् । स्थानीय समुदायका सरोकार तथा वर्तमान विकास कार्यक्रमहरूको प्राथमिकताका बीचको सम्बन्ध उक्त अध्ययनले समेटेको थियो । यो अध्ययन स्याङ्जा र जुम्ला जिल्लाका ६/६ ओटा गरी जम्मा १२ ओटा समुदायका २२२ घरधुरी सर्वेक्षण र अन्तर्वार्ताहरूमा आधारित छ । यो नीतिगत बहस शृङ्खलामा उक्त अध्ययनबाट प्राप्त प्रारम्भिक नतिजाहरू तथा यसले दिने नीतिगत सन्देशका बारेमा सङ्क्षिप्त छलफल गरिएको छ ।

[१,२] Human Development Report - 2019, UNDP
[३] Acharya, GD 2018; Including the excluded: Marginalized poor communities and development practices in rural Nepal

यो नीतिगत बहसपत्रलाई पाँच खण्डमा प्रस्तुत गरिएको छ : १) स्थानीय समुदायका सरोकारहरू २) वर्तमान विकासका अभ्यासहरू ३) स्थानीय समुदाय र विकास कार्यक्रमका प्राथमिकता बीचको अन्तर ४) कोभिड - १९ पश्चात् यसका सम्भावित प्रभावहरू ५) सुझाव ।

## १) स्थानीय समुदायका सरोकारहरू

बढ्दो भूमण्डलीकरणका कारणले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा मानिसहरूको पहुँच बढ्दै गइरहेको अवस्थामा उनीहरूको दैनिक जीविकोपार्जनका क्रियाकलापहरूमा समेत परिवर्तन आइरहेका छन् । यस परिवेशमा नेपालका स्थानीय समुदायहरूको जीविकोपार्जनका सरोकारलाई वैदेशिक रोजगारी, जलवायु परिवर्तन, औपचारिक शिक्षामा बढ्दो पहुँच, स्थायी तथा अस्थायी बसाइसराइले प्रत्यक्ष प्रभाव पारेका छन् । समग्रमा निर्वाहमुखी कृषिमा आधारित जीविकोपार्जनको स्वरूप बदलिएको छ र सोही बमोजिम स्थानीय समुदायका विकास सम्बन्धी सरोकार र चासो पनि बदलिएका छन् । कुनै पनि विकासकार्यको योजना निर्माण तथा कार्यान्वयनमा समुदायमा बदलिएका परिवेशलाई बुझ्नु जरुरी हुन्छ । अध्ययनहरूले देखाएअनुसार विकास योजना निर्माण गर्दा आर्थिक तथा प्राविधिक संभाव्यताहरूले निर्धारण गर्छन् तर स्थानीय समुदायका आवश्यकता र सरोकार उनीहरूको दैनिक जीविकोपार्जनका क्रियाकलापहरूसँग सम्बन्धित हुन्छन् ।[४] त्यस्ता क्रियाकलापहरू उनीहरू बसेको स्थानको भौगोलिक अवस्था, स्रोतसाधनमा पहुँच तथा बजारसँग जोडिएका हुन्छन् ।

यस अध्ययनअनुसार पनि समुदायका सरोकार उनीहरूको भूगोलको अवस्था तथा जीविकोपार्जनका स्रोतसाधनहरू माथिको पहुँचमा भर पर्छन् । उदाहरणका लागि तुलनात्मक रूपमा बढी सुगम र विकसित रहेको स्याङ्जा जिल्लाका समुदायहरूको पहिलो प्राथमिकता स्वच्छ खानेपानी र मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन रहेको छ भने दुर्गम र कम विकसित भएको जुम्ला जिल्लाका स्थानीय समुदायहरूको पहिलो प्राथमिकता खाद्य सुरक्षा र जीविकोपार्जनमा सुधार रहेको छ । (हेर्नुहोस् चित्र नं. १)




**चित्र नं. १: भूगोल अनुसारका चुनौतीहरु**

यसैगरी त्यस्ता सरोकारहरू समाजका विभिन्न सामाजिक वर्ग र जातिअनुसार पनि फरक पर्दछन् । उदाहरणका लागि अध्ययन क्षेत्रका दलित समुदायको मुख्य सवाल सामाजिक विभेद/बहिष्कार तथा जीविकोपार्जन रहेको पाइयो भने समाजमा उपल्लो वर्गको प्राथमिकता जलवायु परिवर्तन र यसले पार्ने प्रभावमा रहेको पाइयो । (हेर्नुहोस् चित्र नं. २)




**चित्र नं. २: जातिगत चुनौतीहरु**

विभिन्न समूहको सरोकारमा फरक देखिनाका मुख्य कारणहरू उत्पादनशील भूमिमा पहुँच तथा जीविकोपार्जनका विकल्पहरूको उपलब्धता हुन् । उदाहरणका लागि स्याङ्जामा यातायात, शिक्षा र गैरकृषि जीविकोपार्जनमा बढी पहुँच देखिन्छ भने जुम्लामा यस प्रकारको पहुँच कम देखिन्छ । यसैगरी दलित र गैरदलित बीचको सरोकारमा हुने फरकहरू प्रत्यक्ष रूपमा समाजमा जकडिएर रहेको जातीय विभेद र उक्त विभेदका कारण भूमिलगायत जीविकोपार्जनका स्रोतहरूमा उनीहरूको पहुँचसँग सम्बन्धित छन् । उदाहरणका लागि अध्ययन क्षेत्रमा दलित वर्गको स्वामित्वमा औसत ०.२२ हेक्टर भूमि रहेको पाइयो भने गैरदलित वर्गको औसत भूमि ०.५६ हेक्टर देखियो ।

[४] Baffoe and Matsuda 2017: Why do rural communities do what they do in the context of livelihood activities? Exploring the livelihood priority and viability nexus, Community Development.

## २) वर्तमान विकासका प्राथमिकताहरू

प्राय: विकास कार्यक्रमहरूले जलवायु परिवर्तन, पूर्वाधार तथा कृषि आधुनिकीकरण जस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय विकासका प्राथमिकतालाई अङ्गीकार गरेका छन् । विकास कार्यक्रमहरूको जोड प्राय: कृषि तथा जमिनमा आधारित क्रियाकलापहरू हुने गरेका छन् । उदाहरणका लागि जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरू । वर्तमान विकासका अभ्यासहरू जस्तै : सडक निर्माण, कृषिको व्यवसायीकरण, जलवायु अनुकूलन र शौचालय निर्माण जस्ता कार्यक्रमले प्राय: गरिब, दलित समुदाय र एकल महिला घरधुरीहरूलाइ फाईदा पुऱ्याउन सकेका छैनन् । कतिपय अवस्थामा यस्ता सडक निर्माण र कृषि व्यावसायिकरण जस्ता विकास कार्यक्रमहरू उनीहरूका लागि प्रत्युत्पादक साबित भएका छन् । सडक निर्माणले गरिबको भएको थोरै जग्गा पनि नाशेको, मजदुरको रोजीरोटी गुमेको र यस्ता विकासे परियोजनाले महिलाको कार्यबोझ बढेको यो अध्ययनले देखाएको छ । यसको विपरीत यी क्रियाकलापहरूले जग्गामा पहुंच भएका, कृषि उत्पादनमा लागेका र बचत समूहबाट ऋण लिएर ब्याज तिर्न सक्ने मध्यम तथा धनी समूहहरुलाई मात्र फाईदा पुऱ्याएको देखिन्छ ।

अध्ययनअनुसार स्याङ्जामा २६ प्रतिशत र जुम्लामा ९ प्रतिशत उत्तरदाताहरू मात्र विकास कार्यक्रमहरूले समुदायको सरोकारलाई सम्बोधन गरेको ठान्दछन् भने दलित वर्गका उत्तरदातामध्ये ६, जनजातिका १४ र उपल्लो वर्गका ३४ प्रतिशतले आफ्ना सरोकारहरूलाई वर्तमान विकास कार्यक्रमले समेटेको ठान्छन् (हेर्नुहोस् तालिका नं. १) । यसले स्थानीय सरोकार हरूलाई विकासका कार्यक्रमहरूले खासै सम्बोधन गर्न नसकेको देखाउँछ ।

| जिल्ला | समेटेका छन् |
|---|---|
| जुम्ला | २६% |
| स्याङ्गजा | ९% |

| जातजाति | समेटेका छन् |
|---|---|
| ब्राह्मण क्षेत्री | १९% |
| जनजाति | १४% |
| दलित | ६% |

**तालिका नं.१ स्थानीय जनताका सरोकारलाई के विकास कार्यक्रमहरुले सम्बोधन गरेका छन् त?**

## ३) स्थानीय सरोकार र विकास कार्यक्रमका प्राथमिकता बीचको अन्तर

सबैभन्दा महत्त्वपूर्ण विषय विकास निर्माणका प्राथमिकताहरू कहाँबाट निर्धारण हुन्छन् भन्ने हो । पछिल्लो दशकमा विकासको प्राथमिकतामा रहेका जलवायु परिवर्तन अनुकूलन तथा कृषिको व्यवसायीकरण जस्ता विकास कार्यक्रम अन्तर्राष्ट्रिय तहमा निर्धारण गरिन्छन् ।[५] नेपालको सन्दर्भमा अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरू, विकास सहायता, विश्व बजार र पश्चिमा ज्ञानले राष्ट्रिय नीति तथा कार्यक्रमहरूमा अन्तर्राष्ट्रिय प्राथमिकताहरूलाई समावेश गर्छन् । फलत: विकासको विकेन्द्रीकरण गरी तल्लो तहको सरकार र स्थानीय समुदायको भूमिका एवम् सहभागिता बढाउन जतिसुकै प्रयासहरूभए तापनि माथिबाटै आएका प्राथमिकताहरू हाबी भएका देखिन्छन् ।

> **सडकले लइकायो (रोडले खाइदिएको मेरो जीविकोपार्जन)**
>
> “सडकले हाम्रा लागि पैसा ल्याउने होइन, हाम्रो खल्ती रित्याउने मात्र काम गऱ्यो किनकि हामीसँग जग्गा नभएकाले हामी कुनै पनि उपज उत्पादन र बिक्री गर्न सक्दैनौं तर सम्पूर्ण कुरा किनेर खानुपर्छ । एक त हाम्रो भारी बोक्ने काम खोसिएको छ अर्को सबैजसो स्थानीय खाद्यसामग्रीहरूको मूल्य अकासिएको छ ।” -दलित उत्तरदाता, जुम्ला

यसैगरी स्थानीय विकासका योजनाहरू निर्माणको प्रक्रियामा पनि शिक्षित र सम्पन्न व्यक्तिहरूको नै बोलवाला रहेको पाइन्छ ।[६] गरिब, दलित तथा महिला लगायतका समूहहरू योजना निर्माण प्रक्रियामा प्रायजसो बहिष्करणमा परेका देखिन्छन् । प्राय विकासोन्मुख देशमा स्थानीय विकासका योजनाहरू बनाउँदा सबै वर्गलाई एउटै प्रकारको (One Size Fits all) रणनीति अपनाउने गरिएको पाईन्छ, जसले गर्दा स्थानीय समुदायका विशिष्ट तथा फरकफरक आवश्यकताहरू सम्बोधन हुन सकेका छैनन् र धेरैजसो विकास कार्यक्रमहरू सफल पनि भएका छैनन् । अर्को महत्त्वपूर्ण विषय विकास योजनाहरू तयार पार्दा त्यस्ता योजनाहरू आर्थिक रूपमा सम्भाव्य छन् या छैनन् भन्ने कुरामा मात्र केन्द्रित हुने र तिनीहरूले

५ Jonathan Edward Enso, Patrick Wennström, Anil Bhatterai , Andrea Joslyn Nightingale, Siri Eriksend & Jana Sillmanne 2019; Asking the right questions in adaptation research and practice: Seeing beyond climate impacts in rural Nepal

६ Sigrid Nagoda & Andrea J. Nightingale 2017: Participation and Power in Climate Change Adaptation Policies: Vulnerability in Food Security Programs in Nepal.

स्थानीय समुदायको सरोकारलाई सम्बोधन गर्छन् कि गर्दैनन् भन्ने कुराहरूलाई बेवास्ता गरिनु पनि हो ।[७] यसले गर्दा स्थानीय समुदायका सरोकारहरू विकास कार्यक्रमका प्राथमिकताभित्र समेटिँदैनन् साथै हाम्रा विकास कार्यक्रमहरूले बदलिँदो सामाजिक तथा आर्थिक परिवेशलाई आत्मसात् गर्न सकेका छैनन् । विकासका योजनाहरू तय गर्दा वर्षौंअघि तयार पारिएका योजना छनोटका फारामहरू प्रयोग गर्दै परम्परागत सामाजिक संरचनालाई नै निरन्तरता दिइएका र पक्षपोषण गरिएका कारण अहिलेको समुदायका सरोकारहरू सम्बोधन हुन सकेका छैनन् ।

## ४) कोभिड-१९ पश्चात् यसका सम्भावित प्रभावहरू

कोभिड - १९ मानव विकासका लागि ठूलो विपत्तिका रूपमा हामी सामु उभिएको छ । विगतका थुप्रै महामारी र प्रकोपहरूले हुनेखाने र हुँदाखाने बीच असमानताको खाडल बढाइरहेको परिवेशमा कोभिड - १९ ले यस्तो असमानतालाई अझै फराकिलो बनाउने आँकलन गरिएको छ ।[८] नेपालमा बेलाबेलामा आइपर्ने भूकम्प, बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपहरूले स्थानीय समुदायलाई थप जोखिममा पार्ने गरेको छ । खास गरी यस्ता प्रकोपले स्थानीय समुदायका प्राथमिकताहरू तत्कालै परिवर्तन हुन्छन् तर सरकार तथा विकास कार्य सञ्चालन गर्ने निकायहरूले उक्त परिवेशलाई समेट्न सक्दैनन् र पूर्वनिर्धारित विकास कार्यलाई नै निरन्तरता दिने गर्दछन् जसका कारण स्थानीय समुदायहरू थप जोखिममा परेका देखिन्छन् । हाम्रो जस्तो दिगो जीविकोपार्जनका लागि अवसर प्रशस्त नभएको, स्वास्थ्य सुविधा तथा खाद्य सुरक्षाको चुनौती रहेको देशमा कोभिड - १९ ले पर्यटन, उद्योग व्यवसाय, वैदेशिक रोजगार तथा स्थायी र अस्थायी बसाइसराइ र कृषिमा प्रत्यक्ष असर पार्ने देखिन्छ ।

## ५) निष्कर्ष तथा सुझाव

स्थानीय समुदाय र वर्ग विशेषका आआफ्ना सरोकार र प्राथमिकताहरू के के हुन् भन्ने कुराको विस्तृत अध्ययन र पहिचान नै विकास कार्यक्रमलाई प्रभावकारी बनाउने पहिलो खुड्किलो हो । यसका लागि स्थानीय तह लगायत सरोकारवाला निकायहरूले आपसी समन्वयमा स्थानीय समुदायसँगै आवश्यकता पहिचान तथा प्राथमिकता निर्धारण गर्नुपर्छ । साथै गरिब, दलित, महिला र अन्य सीमान्तकृत समुहहरूसँग छुट्टाछुट्टै छलफल गरी उनीहरूका सरोकारहरू सम्बोधन हुने गरी समग्र कार्यक्रमको ढाँचा र कार्यान्वयन संरचना तय गर्न जरुरी हुन्छ ।[९] यसरी निर्धारण गरिएका विकास सम्बन्धी प्राथमिकताहरूलाई योजनामा संलग्न गराई उनीहरूकै सहभागितामा कार्यान्वयन गर्न सके मात्र विकास कार्यक्रमहरू थप प्रभावकारी हुन्छन् ।


**अनुसन्धान गर्ने**

eci
UNIVERSITY OF OXFORD

University Offices
Wellington Square
Oxford
OX1 2JD
United Kingdom

**तयार गर्ने**

ForestAction

बागडोल, ललितपुर
सम्पर्क: 977-1-5191062/5190144
ईमेल: fa@forestaction.org
वेभसाइट: www.forestaction.org

**थप जानकारीको लागि: Constance McDermott,** ईमेल: constance.mcdermott@ouce.ox.ac.uk



Note: This policy brief is based on the research conducted by the University of Oxford with the financial support from Rockefeller Foundation. ForestAction is involved in preparation of this policy brief and its dissemination in Nepal.

नोट: यो नीतिगत बहस शृङ्खला अक्सफोर्ड विश्वविद्यालयले गरेको अनुसन्धानका आधारमा तयार गरीएको हो र यसमा रकफेलर फाउन्डेसनको आर्थिक सहयोग छ । फरेष्टएक्सन नेपाल यो नीतिगत बहस शृखला तयार गर्न र यसको प्रसारण गर्नमा संलग्न भएको हो ।


[७] Baffoe and Matsuda 2017: Why do rural communities do what they do in the context of livelihood activities? Exploring the livelihood priority and viability nexus

[८] UNDP Human Development Perspectives 2020; COVID-19 and Human Development: Assessing the Crisis, Envisioning the Recovery

[९] Sigrid Nagodaa & Andrea J. Nightingale 2017: Participation and Power in Climate Change Adaptation Policies: Vulnerability in Food Security Programs in Nepal